**आकाशवाणी समाचार- नेपाली**

**मितिः १७ अप्रेल २०२५**

**समयः ०७.२५ – ०७ः ३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

- सर्वोच्च न्यायालयले वक्फ (संशोधन) ऐन २०२५ लाई चुनौती दिने निवेदनहरू माथी आज सुनुवाइ गर्नेछ।

- सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले नेशनल हेराल्ड मुद्दामा कांग्रेसले तल्लो स्तरको राजनीति गरेको आरोप लगाउनु भएको छ।

- लोकसभाका अध्यक्ष ओम बिरलाले उद्योग र वाणिज्य बर्ष २०४७ सम्ममा भारतलाई पूर्ण विकसित राष्ट्र बनाउने भारतीय नेतृत्वको अटुट प्रतिबद्धतामा महत्वपूर्ण स्थान रहेको बताउनु भएको छ ।

- वाणिज्य एवं उद्योगमन्त्री पियुष गोयलले भारत विश्वको सबैभन्दा तीव्र गतिमा वृद्धि भइरहेको अर्थव्यवस्था भएको बताउनु भएको छ ।

- आइपिएल क्रिकेटमा हिज राती भएको म्याचमा दिल्ली क्यापिटल्सले राजस्थान रोयल्सलाई सुपर ओभरमा पराजित गरेको छ।

**<u>सर्वोच्च न्यायालय- वक्फ (संशोधन) ऐन</u>**

सर्वोच्च न्यायालयले हिज वक्फ (संशोधन) ऐन २०२५ लाई चुनौती दिने निवेदनहरूमा सुनुवाइ शुरु गरेको छ। न्यायालयले यसबारे कुनै अन्तरिम आदेश जारी गरेको छैन। न्यायलयले उठाएका तीन बुँदामा आफ्नो तर्क तयार गर्न केन्द्रले थप समय मागेको थियो। मुख्य न्यायाधीश संजीव खन्ना ,न्यायमूर्ति संजय कुमार र न्यायमूर्ति के. वी. विश्वनाथनको पीठले यस याचिका माथी सुनवाई गरिरहनु भएको छ ।शीर्ष अदालतले आज दुई बजे यस मुद्दाको सुनुवाइ गर्नेछ।

****** ० ******

**<u>वक्फ संशोधन ऐन-भारत -पाकिस्तान</u>**

संसदले पारित गरेको वक्फ संशोधन ऐनमा पाकिस्तानको आधारहीन टिप्पणीलाई भारतले कठोर शब्दमा आलोचना गरेको छ । वक्फ विधेयकमा पाकिस्तानको टिप्पणीबारे पत्रकारहरूको प्रश्नको जवाफ दिंनुहुदै विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले पाकिस्तानलाई भारतको आन्तरिक मामिलामा टिप्पणी गर्ने कुनै अधिकार नरहेको बताउनु भएको छ।

**<u>सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णव- नेशनल हेराल्ड</u>**

सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले नेशनल हेराल्ड मुद्दामा कांग्रेसले तल्लो स्तरको राजनीति गरेको आरोप लगाउनु भएको छ। सोनिया गान्धी र राहुल गान्धी विरुद्ध प्रवर्तन निर्देशनालयले आरोपपत्र दर्ता गरेपछि ऋषिकेशमा कांग्रेसको विरोध प्रदर्शन माथी आफ्नो प्रतिक्रियामा श्री वैष्णवले भन्नुभयो - यो राजनीतिक मुद्दा होइन तर भ्रष्टाचारको मुद्दा हो।

****** ० ******

**<u>भाजपा -सुधांशु त्रिबेदी</u>**

भारतीय जनता पार्टीले पनि नेशनल हेराल्ड मुद्दामा कांग्रेसलाई तारो बनाएको छ। नयाँ दिल्लीमा, पार्टी प्रवक्ता सुधांशु त्रिवेदीले यो मुद्दा प्रवर्तन निर्देशनालयको कार्यक्षेत्र बाहिरको हो भन्ने कांग्रेसको दाबीलाई अस्वीकार गर्नुभएको छ । उहाँले यो व्यावसायिक लेनदेनको स्पष्ट उदाहरण भएको बताउनु भएको छ ।

****** ० ******

**रेल मंत्री -ऋषिकेश-कर्णप्रयाग रेल परियोजना**

ऋषिकेश-कर्णप्रयाग रेल परियोजना अन्तर्गत पौडी गढवालको जनसु बीचको T-8 र T-8-M सुरुङको निर्माण हिज समाप्त भएको छ। जनसुमा रेल परियोजनाको सुरुङको उद्घाटन कार्यक्रममा रेलमन्त्री अश्विनी वैष्णव र मुख्यमन्त्री पुष्कर सिंह धामी उपस्थित हुनुहुन्थ्यो। श्री वैष्णवले यो परियोजना उत्तराखण्डको लागि ठूलो उपलब्धि भएको बताउनु भएको छ।

****** ० ******

**श्रम तथा रोजगार मन्त्री मनसुख मांडविया**

श्रम तथा रोजगार मन्त्री मनसुख मांडवियाले देशमा कौशल तालिम प्लेटफर्म स्थापना गरिने बताउनु भएको छ । यसले विश्वको विशिष्ट दक्ष जनशक्तिको आवश्यकता पूरा गर्न मद्दत गर्नेछ। डा. मण्डावियाले हिज नयाँ दिल्लीमा भारत-मध्य पूर्व-युरोप आर्थिक करिडोर सम्मेलन २०२५ लाई सम्बोधन गर्नुभयो। उहाँले यस अवसरमा भन्नुभयो - भारतले यस करिडोरमा दक्ष जनशक्ति प्रदान गरेर आफ्नो युवा जनसांख्यिकीय लाभांशलाई अधिकतम बनाउन सक्छ।

****** ० ******

**भारत-मुख्य न्यायाधीश**

भारतका मुख्य न्यायाधीश संजीव खन्नाले अर्को मुख्य न्यायाधीशको रूपमा न्यायाधीश बीआर गवईको नाम सिफारिस गरेका छन्। न्यायाधीश गवई सर्वोच्च अदालतका दोस्रो सबैभन्दा वरिष्ठ न्यायाधीश हुन् र उहाँको नाम केन्द्रीय कानून मन्त्रालयमा सिफारिस गरिएको छ। वर्तमान मुख्य न्यायाधीश संजीव खन्नाको कार्यकाल आगामी १३ मईमा समाप्त हुँदैछ।

****** ० ******

**प्रधानमंत्री नरेंद्र मोदी -अमरावती एयरपोर्ट**

प्रधानमन्त्री नरेन्द्र मोदीले अमरावती विमानस्थलको उद्घाटनलाई महाराष्ट्र विशेषगरी विदर्भ क्षेत्रका लागि ठूलो खुशीको खबर भएको बताउनु भएको छ । प्रधानमन्त्री श्री मोदीले अमरावतीमा एक सक्रिय विमानस्थलले यस क्षेत्रमा वाणिज्य र सम्पर्कलाई बढावा दिने बताउनु भएको छ।

****** ० ******

**लोकसभा अध्यक्ष ओम बिरला उद्योग वाणिज्य**

लोकसभाका अध्यक्ष ओम बिरलाले उद्योग र वाणिज्य बर्ष २०४७ सम्ममा भारतलाई पूर्ण विकसित राष्ट्र बनाउने भारतीय नेतृत्वको अटुट प्रतिबद्धतामा महत्वपूर्ण स्थान रहेको बताउनु भएको छ । यस राष्ट्रिय आकाङ्क्षालाई साकार पार्न, श्री बिरलाले सबै सरोकारीहरूलाई विकासको मोडेल अपनाउन आह्वान गर्नुभयो जुन सतत मात्र होइन तर समावेशी पनि छ। पीएचडी चेम्बर अफ कमर्श एण्ड इन्डष्ट्रीको १२० औँ वार्षिकोत्सवको अवसरमा हिज नयाँ दिल्लीमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्नुहुदै श्री बिरलाले भारत सरकारको 'विकासमुखी नीति'ले आज उद्योगहरूलाई नयाँ ऊर्जा प्रदान गरिरहेको बताउनु भएको छ।

****** ० ******

**केंद्रीय वाणिज्य एवं उद्योग मंत्री पीयूष गोयल**

वाणिज्य एवं उद्योगमन्त्री पियुष गोयलले भारत विश्वको सबैभन्दा तीव्र गतिमा वृद्धि भइरहेको अर्थव्यवस्था भएको बताउनु भएको छ । भारत–मध्यपूर्व–युरोप आर्थिक करिडोर (आईएमईसी) शिखर सम्मेलन २०२५ लाई सम्बोधन गर्नुहुदै मन्त्री गोयलले सरकारले निष्पक्ष रुपमा सम्झौता गर्न सकिने देशहरुसँग व्यापारिक सम्बन्ध विस्तार गरिरहेको बताउनु भएको छ । उहाँले स्वतन्त्र व्यापार सम्झौता समतामूलक र सन्तुलित रुपमा गर्न सकिने देशहरु सँग सरकारले सम्बन्ध सुदृढ गरिरहेको बताउनु भएको छ । उहाँले ओमान र अन्य केही देशसँग सम्झौता माथी बातचित भईरहेको बताउनु भएको छ ।

****** ० ******

**बित्तीय वर्ष - खुद्रा मुद्रास्फीति**

बित्तीय वर्ष २०२४-२५ मा खुद्रा मुद्रास्फीति ४.६ प्रतिशतमा झर्ने अनुमान गरिएको छ। यो २०१८ पछिको सबैभन्दा कम हो। बित्त मन्त्रालयले भनेको छ उपभोक्ता मूल्य सूचकांकमा आधारित मुद्रास्फीति मार्च २०२५ मा ३.३४ प्रतिशतमा रहनेछ । यो फेब्रुअरी २०२५ भन्दा २७ आधार बिन्दुले कम हो। यो अगस्ट २०१९ पछिको सबैभन्दा कम मासिक मुद्रास्फीति दर हो।

****** ० ******

**शिक्षा मंत्री- सडक अभियान**

देशभरिका विद्यालयहरूमा सडक सुरक्षा अभियान विस्तार गर्न केन्द्रीय शिक्षा मन्त्रालयले सडक परिवहन तथा राजमार्ग मन्त्रालयसँगको सहयोगमा काम गर्नेछ। शिक्षामन्त्री धर्मेन्द्र प्रधानले सडक दुर्घटना र असुरक्षित ड्राइभिङले लाखौं मानिसहरूको जीवन जोखिममा पार्ने बताए।उहाँले भन्नुभएको छ - मन्त्रालयले विद्यालय शिक्षा मार्फत सडक सुरक्षा उपायहरूको बारेमा चेतना जगाउनेछ। श्री प्रधानले हिज नयाँ दिल्लीमा सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीसँग सडक सुरक्षाको विषयमा भेटघाट गर्नुभयो।

****** ० ******

**अमेरिका उपराष्ट्रपति जे.डी. वेंस -भारत भ्रमण**

अमेरिकाका उपराष्ट्रपति जे.डी. भान्स २१ अप्रेल देखि भारतको चार दिवशीय आधिकारिक भ्रमणमा आईरहनु भएको छ । उपराष्ट्रपति भान्सको यो पहिलो भारत भ्रमण हुनेछ । भ्रमणको क्रममा उहाँले सोमबार प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेट गर्ने कार्यक्रम रहेको छ । उपराष्ट्रपति र उहाँका प्रतिनिधिमण्डलले दिल्लीमा अन्य कार्यक्रमहरू गर्नुहुनेछ र जयपुर र आगराको पनि भ्रमण गर्ने कार्यक्रम रहेको छ। यो भ्रमणले दुवै पक्षलाई द्विपक्षीय सम्बन्धमा भएको प्रगतिको समीक्षा गर्ने अवसर प्रदान गर्नेछ ।

****** ० ******

**हरियाणा- रोबर्ट वाड्रासँग सोधपुछ**

हरियाणामा भएको जमिन कारोबारमा धन शोधनको जाच को सम्बन्धमा प्रवर्तन निर्देशनालयले हिज लगातार दोस्रो दिन रोबर्ट वाड्रासँग सोधपुछ गरेको छ। उनलाई नयाँ दिल्लीस्थित ईडी कार्यालयमा सोधपुछ गरिएको थियो। एजेन्सीले श्री वाड्रालाई आज फेरि सोधपुछको लागि उपस्थित हुन भनेको छ।

****** ० ******

**विदेश मंत्रालय 'ऑपरेशन ब्रह्मा'**

विदेश मन्त्रालयले म्यान्मारलाई 'अपरेसन ब्रह्मा' अन्तर्गत राहत सामग्री र मानवीय सहायता को आपूर्तिको एक भागको रूपमा, २० पूर्व-निर्मित कार्यालयहरूको घटकहरू भारतीय वायुसेना सी-१७ द्वारा पठाइएको बताएको छ।

****** ० ******

**केन्द्रीय मत्स्यपालन मंत्री**

केन्द्रीय मत्स्यपालन, पशुपालन तथा दुग्ध राज्यमन्त्री जर्ज कुरियनले विगत दश वर्षको एनडीए सरकारको कार्यकालमा देशको माछा उत्पादन ९५ लाख टनबाट बढेर १८४ लाख टन पुगेको बताउनु भएको छ । श्री कुरियनले हिज पुडुचेरीमा प्रधान मंत्री मत्स्य सम्पदा योजना अन्तर्गत धेरै परियोजनाहरूको उद्घाटन गर्नुभयो ।उहाँले भन्नुभयो , यस योजना अन्तर्गत, पुडुचेरीमा २ हजार ३ सय माछा मार्ने नौकाहरुमा ट्रान्सपोन्डरहरू जडान गरिनेछ।

****** ० ******

**आईपीएल टी20 क्रिकेट**

आइपिएल क्रिकेटमा हिज राती भएको म्याचमा दिल्ली क्यापिटल्सले राजस्थान रोयल्सलाई सुपर ओभरमा पराजित गरेको छ । दिल्लीको अरुण जेट्ली स्टेडियममा दुवै टिमको स्कोर बराबरी भएपछि सुपर ओभरमा खेलको निर्णय भएको थियो । आइपिएल २०२५ को यो पहिलो खेल थियो जसको निर्णय सुपर ओभरले गरेको थियो । दिल्ली क्यापिटल्सले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर १८८ रन बनाएको थियो । राजस्थान रोयल्सले निर्धारित २० ओभरमा ४ विकेट गुमाएर १८८ रन बनायो । राजस्थान रोयल्सले सुपर ओभरमा ११ रन मात्र बनाउन सक्यो । जितका लागि १३३ रनको लक्ष्य राख्दै दिल्ली क्यापिटल्सले दुई बल बाँकी छँदै लक्ष्य

हासिल गर्यो । आज इन्डियन प्रिमियर लिग (आइपिएल) क्रिकेटमा मुंबई को वानखेडे स्टेडियममा सनराइजर्स हैदरावाद र मुम्बई इन्डियन्स माझ प्रतिस्पर्धा हुनेछ । म्याच आज साँझ ७:३० बजे शुरु हुनेछ।

****** ० ******